चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

कार्यपालिका बैठक मिति : २०८२।०१।१५ गते।
कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०१।१० गते।

मिति २०८२।०१।१५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. निर्णय समिक्षा सम्बन्धमा।
२. गाउँपालिका लोगो सम्बन्धमा।
३. सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।
४. योजना फरफारक सम्बन्धमा।
५. गाउँपालिका नाम सम्भोटा लिपीमा प्रयोग गर्ने सम्बन्धमा।
६. भूमि समस्या सहजीकरण समिति गठन सम्बन्धमा।
७. कानुन संशोधन मस्यौदा निर्माण समिति गठन सम्बन्धमा।
८. लेखा समिति पुनर्गठन सम्बन्धमा।
९. अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन सम्बन्धमा।
१०. सिफारिस समिति गठन सम्बन्धमा।
११. सिमा स्तम्भ राख्ने सम्बन्धमा।
१२. सुरक्षित गर्भपतन प्रमाण पत्र सम्बन्धमा।
१३. ल्याब परिक्षण सम्बन्धमा।
१४. हिमाल संरक्षण सम्बन्धमा।
१५. कार्यविधिहरू स्विकृत सम्बन्धमा।
१६. आयोजना बैंक स्थापना सम्बन्धमा।
१७. दुरी एकिन गर्ने सम्बन्धमा।
१८. चुमनुब्री गाउँपालिका खर्च मापदण्ड सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८१।८२ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।
२. चुमनुब्री गाउँपालिकाको लोगो प्रयोग गरी प्रचलनमा ल्याउनका लागि मिति २०८१।०८।२३ गतेको कार्यपालिका बैठकको निर्णयानुसार मिति २०८१।०८।२६ मा १५ दिने प्रस्ताव सूचना आह्वान गरिएकोमा रितपुर्वक पेश भएका लोगो डिजाईन मध्ये सोनाम लामाले तयार गरी पेश गरेको तपसिल बमोजिमको लोगो चुमनुब्री गाउँपालिकाको लागि उत्कृष्ट हुने हुँदा उक्त लोगो स्विकृत गर्ने र गाउँपालिका र अन्तर्गतका सबै निकायहरूको लेटर प्याडको दायाँ अग्रभागमा अनिवार्य प्रयोग गर्ने।

निमा लामा
अध्यक्ष

३. चुमनुब्री गाउँपालिकास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ जेठ १३ गते गर्ने तथा सोको प्रबन्ध मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने।

४. चुमनुब्री गाउँपालिका अन्तर्गत आ व २०८१।८२ मा हालसम्म सम्पन्न भएका योजनाको फरफारक प्रतिवेदन स्विकृत गर्ने।

५. चुमनुब्री गाउँपालिकाको नाम तपसिल बमोजिम सम्भोटा लिपिमा उतार गरी गाउँपालिका तथा अन्तर्गतका निकायको लेटर प्याडको बिच अग्रभागमा राखि प्रयोग गर्ने।

तपसिल

चुमनुब्री गाउँपालिका = ཆུ་མ་ནུ་བྲི་གྲོང་གསེབ་གྲོང་ཁྱེར།

६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि २०८१ बमोजिम पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्न तपसिल बमोजिमका स्थानीय भूमि समस्या सहजीकरण समिति तथा वडागत समिति गठन गर्ने।

**तपसिल**

चुमनुब्री गाउँपालिका स्तरीय भूमि समस्या सहजीकरण समिति

| समितिमा पद/नाम | हालको पद | कार्यरत निकाय/ठेगाना |
|---|---|---|
| संयोजक श्री निमा लामा | अध्यक्ष | चुमनुब्री गाउँपालिका |
| उपसंयोजक श्री लक्ष्मी गुरूङ | उपाध्यक्ष | चुमनुब्री गाउँपालिका |
| सदस्य श्री सुर्य गुरूङ | नेपाली काँग्रेस प्रतिनिधि | चुमनुब्री गाउँपालिका |
| सदस्य श्री कुमारी गुरूङ | नेकपा माओवादी केन्द्र प्रतिनिधि | चुमनुब्री गाउँपालिका |
| सदस्य श्री चन्द्र बहादुर गुरूङ | नेकपा एमाले प्रतिनिधि | चुमनुब्री गाउँपालिका |
| सदस्य श्री गणेश विश्वकर्मा | कार्यपालिका सदस्य | चुमनुब्री गाउँपालिका |
| सदस्य श्री छिरिङ भुटी लामा | कार्यपालिका सदस्य | चुमनुब्री गाउँपालिका |
| सदस्य श्री बिर बहादुर लामा | भूतपूर्व वडा अध्यक्ष वडा नं १ | चुमनुब्री गाउँपालिका |
| सदस्य श्री धावा ल्हामो लामा | नागरिक समाज प्रतिनिधि | |
| सदस्य सचिव श्री मनोज लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | चुमनुब्री गाउँपालिका |

चुमनुब्री गाउँपालिका वडा नं १ वडा स्तरीय भूमि समस्या सहजीकरण समिति

| समितिमा पद/नाम | हालको पद | कार्यरत निकाय/ठेगाना |
|---|---|---|
| अध्यक्ष श्री कर्मा छेवाङ लामा | वडा अध्यक्ष | १ नं वडा कार्यालय |
| सदस्य श्री दिक्षिण डोमा लामा | महिला सदस्य | १ नं वडा कार्यालय |
| सदस्य श्री कर्मा साम्डु लामा | वडा सदस्य | १ नं वडा कार्यालय |
| सदस्य श्री पासाङ लामा | वडा सदस्य | १ नं वडा कार्यालय |
| सदस्य श्री ठिले लामा | नेपाली काँग्रेस प्रतिनिधि | चुमनुब्री-१ |
| सदस्य श्री ठिले लामा | नेकपा माओवादी केन्द्र प्रतिनिधि | चुमनुब्री-१ |
| सदस्य श्री सोनाम फुञ्जो लामा | नेकपा एमाले प्रतिनिधि | चुमनुब्री-१ |
| सदस्य सचिव श्री वडा सचिव | वडा सचिव | १ नं वडा कार्यालय |

निमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

चुमनुब्री गाउँपालिका वडा नं २ वडा स्तरीय भूमि समस्या सहजीकरण समिति

| समितिमा पद/नाम | हालको पद | कार्यरत निकाय/ठेगाना |
|---|---|---|
| अध्यक्ष श्री मिङ्गयुर दोर्जे लामा | वडा अध्यक्ष | २ नं वडा कार्यालय |
| सदस्य श्री धावा साङमो लामा | महिला सदस्य | २ नं वडा कार्यालय |
| सदस्य श्री छिरिङ छिम्बुल लामा | वडा सदस्य | २ नं वडा कार्यालय |
| सदस्य श्री पेम्बा छिरिङ लामा | वडा सदस्य | २ नं वडा कार्यालय |
| सदस्य श्री लाक्पा डिकी वि क | दलित महिला सदस्य | २ नं वडा कार्यालय |
| सदस्य श्री पेम्बा रेतार लामा | नेपाली काँग्रेस प्रतिनिधि | चुमनुब्री-२ |
| सदस्य श्री छेवाङ घ्याल्जेन लामा | नेकपा माओवादी केन्द्र प्रतिनिधि | चुमनुब्री-२ |
| सदस्य श्री टासी छिरिङ लामा | नेकपा एमाले प्रतिनिधि | चुमनुब्री-२ |
| सदस्य सचिव श्री वडा सचिव | वडा सचिव | २ नं वडा कार्यालय |

चुमनुब्री गाउँपालिका वडा नं ३ वडा स्तरीय भूमि समस्या सहजीकरण समिति

| समितिमा पद/नाम | हालको पद | कार्यरत निकाय/ठेगाना |
|---|---|---|
| अध्यक्ष श्री राम कुमार गुरूङ | वडा अध्यक्ष | ३ नं वडा कार्यालय |
| सदस्य श्री जीवन गुरुङ | वडा सदस्य | ३ नं वडा कार्यालय |
| सदस्य श्री लाङमा गुरूङ | महिला वडा सदस्य | ३ नं वडा कार्यालय |
| सदस्य श्री कान्छा गुरूङ | वडा सदस्य | ३ नं वडा कार्यालय |
| सदस्य श्री फुतानी कमिनी | दलित महिला सदस्य | ३ नं वडा कार्यालय |
| सदस्य श्री उत्तम गुरूङ | नेपाली काँग्रेस प्रतिनिधि | चुमनुब्री-३ |
| सदस्य श्री गणेश गुरूङ | नेकपा माओवादी केन्द्र प्रतिनिधि | चुमनुब्री-३ |
| सदस्य श्री सुक बहादुर गुरूङ | नेकपा एमाले प्रतिनिधि | चुमनुब्री-३ |
| सदस्य सचिव श्री वडा सचिव | वडा सचिव | ३ नं वडा कार्यालय |

चुमनुब्री गाउँपालिका वडा नं ४ वडा स्तरीय भूमि समस्या सहजीकरण समिति

| समितिमा पद/नाम | हालको पद | कार्यरत निकाय/ठेगाना |
|---|---|---|
| अध्यक्ष श्री पेमा ग्यलपो लामा | वडा अध्यक्ष | ४ नं वडा कार्यालय |
| सदस्य श्री फुर्पु ठिले | वडा सदस्य | ४ नं वडा कार्यालय |
| सदस्य श्री पासाङ घ्याल्जेन | नेपाली काँग्रेस प्रतिनिधि | चुमनुब्री-४ |
| सदस्य श्री लोप्साङ लामा | नेकपा माओवादी केन्द्र प्रतिनिधि | चुमनुब्री-४ |
| सदस्य श्री पासाङ दोर्जे | नेकपा एमाले प्रतिनिधि | चुमनुब्री-४ |
| सदस्य सचिव श्री वडा सचिव | वडा सचिव | ४ नं वडा कार्यालय |

चुमनुब्री गाउँपालिका वडा नं ५ वडा स्तरीय भूमि समस्या सहजीकरण समिति

| समितिमा पद/नाम | हालको पद | कार्यरत निकाय/ठेगाना |
|---|---|---|
| अध्यक्ष श्री कालेन छेवाङ | वडा अध्यक्ष | ५ नं वडा कार्यालय |
| सदस्य श्री तान्जेन नुर्पु लामा | वडा सदस्य | ५ नं वडा कार्यालय |
| सदस्य श्री खामसुङ लामा | वडा सदस्य | ५ नं वडा कार्यालय |
| सदस्य श्री सोनाम ग्याल्जेन लामा | नेपाली काँग्रेस प्रतिनिधि | चुमनुब्री-५ |

निमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
नेपाल

| | | |
|---|---|---|
| सदस्य श्री कर्मा लामा | नेकपा माओवादी केन्द्र प्रतिनिधि | चुमनुब्री-५ |
| सदस्य श्री कुन्छाङ छिरिङ | नेकपा एमाले प्रतिनिधि | चुमनुब्री-५ |
| सदस्य सचिव श्री वडा सचिव | वडा सचिव | ५ नं वडा कार्यालय |

चुमनुब्री गाउँपालिका वडा नं ६ वडा स्तरीय भूमि समस्या सहजीकरण समिति

| समितिमा पद/नाम | हालको पद | कार्यरत निकाय/ठेगाना |
|---|---|---|
| अध्यक्ष श्री सरोज लामा | वडा अध्यक्ष | ६ नं वडा कार्यालय |
| सदस्य श्री सोनाम लामा | वडा सदस्य | ६ नं वडा कार्यालय |
| सदस्य श्री ठिन्ले घ्याम्छो लामा | वडा सदस्य | ६ नं वडा कार्यालय |
| सदस्य श्री गोपाल लामा | नेपाली काँग्रेस प्रतिनिधि | चुमनुब्री-६ |
| सदस्य श्री लोप्साङ लामा | नेकपा माओवादी केन्द्र प्रतिनिधि | चुमनुब्री-६ |
| सदस्य श्री पासाङ दोर्जे | नेकपा एमाले प्रतिनिधि | चुमनुब्री-६ |
| सदस्य सचिव श्री वडा सचिव | वडा सचिव | ६ नं वडा कार्यालय |

चुमनुब्री गाउँपालिका वडा नं ७ वडा स्तरीय भूमि समस्या सहजीकरण समिति

| समितिमा पद/नाम | हालको पद | कार्यरत निकाय/ठेगाना |
|---|---|---|
| अध्यक्ष श्री टसो दोर्जे लामा | वडा अध्यक्ष | ७ नं वडा कार्यालय |
| सदस्य श्री छेतेन छुम्बेल लामा | वडा सदस्य | ७ नं वडा कार्यालय |
| सदस्य श्री मिङ्ग्युर दोर्जे लामा | नेपाली काँग्रेस प्रतिनिधि | चुमनुब्री-७ |
| सदस्य श्री पेम्बा छेवाङ लामा | नेकपा माओवादी केन्द्र प्रतिनिधि | चुमनुब्री-७ |
| सदस्य श्री टसि फुन्जो लामा | नेकपा एमाले प्रतिनिधि | चुमनुब्री-७ |
| सदस्य सचिव श्री वडा सचिव | वडा सचिव | ७ नं वडा कार्यालय |

७. चुमनुब्री गाउँपालिकाले हाल सम्म निर्माण गरेका ऐन, नियमावली तथा कार्यविधिहरूमा समायनुकुल संशोधन आवश्यक रहेको हुँदा मौजुदा कानुनमा आवश्यक संशोधनका लागि मस्यौदा सहित कार्यपालिकालाई सिफारिस गर्न तपसिलको कानुन संशोधन मस्यौदा निर्माण समिति गठन गर्ने।

**तपसिल**

| | | | |
|---|---|---|---|
| संयोजक | निमा लामा | अध्यक्ष | चुमनुब्री गाउँपालिका |
| सदस्य | लक्ष्मी गुरूङ | उपाध्यक्ष | चुमनुब्री गाउँपालिका |
| सदस्य | सरोज लामा | वडा अध्यक्ष | चुमनुब्री गाउँपालिका वडा नं ६ |
| सदस्य | मनोज लामिछाने | प्र प्र अ | चुमनुब्री गाउँपालिका |
| सदस्य | गिरिजा प्रसाद रिजाल | लेखा अधिकृत | चुमनुब्री गाउँपालिका |
| सदस्य सचिव | सन्दीप रेग्मी | कम्प्युटर अपरेटर | चुमनुब्री गाउँपालिका |

८. चुमनुब्री गाउँपालिका लेखा समिति तपसिलका पदाधिकारी रहने गरी पुनर्गठन गर्ने।

**तपसिल**

| | | | |
|---|---|---|---|
| संयोजक | रूवेश घले | कार्यपालिका सदस्य | चुमनुब्री गाउँपालिका |
| सदस्य | दिक्षिण डोमा लामा | वडा सदस्य | चुमनुब्री गाउँपालिका वडा नं १ |
| सदस्य सचिव | सन्दीप रेग्मी | प्रशासन शाखा प्रमुख | चुमनुब्री गाउँपालिका |

९. चुमनुब्री गाउँपालिकामा आ व २०८१।८२ मा प्रोक फुटबल क्लबबाट व्यवस्थापन भई आयोजना हुने नुब्री मनास्लु कप फुटबल प्रतियोगिता २०८२ का लागि अध्यक्ष कप खेलकुद कार्यक्रम शिर्षकबाट नुब्री

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

मनास्लु कप फुटबल प्रतियोगिता सम्पन्न भएपश्चात संलग्न बिल भरपाईको आधारमा प्रोक फुटबल क्लबलाई अधिकतम ३ लाख ५० हजार रूपैयाँ खेलकुद कार्यक्रम सञ्चालनार्थ भुक्तानी दिने।

१०. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम औषधी उपचार खर्च उपलब्ध गराउन लाभग्राही पहिचान एवं कायम गर्न सिफारिस समिति तपसिल बमोजिम गठन गर्ने।

**तपसिल**

| | | | |
|---|---|---|---|
| संयोजक | लक्ष्मी गुरूङ | उपाध्यक्ष | चुमनुब्री गाउँपालिका |
| सदस्य | लाङ्गा गुरूङ | वडा सदस्य | चुमनुब्री गाउँपालिका वडा नं ३ |
| सदस्य | प्र अ वा प्रतिनिधि | बुद्ध माध्यामिक विद्यालय फिलिम | |
| सदस्य | ईन्चार्ज वा प्रतिनिधि | प्रहरी चौकी सिर्दिवास | |
| सदस्य | प्रमुख वा प्रतिनिधि | क्यान नेपाल चुमनुब्री गाउँपालिका | |
| सदस्य | शाखा प्रमुख | शिक्षा युवा तथा खेलकुद शाखा चुमनुब्री गाउँपालिका | |
| सदस्य सचिव | स्वास्थ्य शाखा प्रमुख | चुमनुब्री गाउँपालिका | |

११. चुमनुब्री गाउँपालिका वडा नं ७ छेकम्पार ङुईला भञ्ज्याङमा नेपाल-चिन सिमा स्तम्भ राख्नका लागि नेपाल सरकार समक्ष लेखी पठाउने।

१२. चुमनुब्री गाउँपालिका अन्तर्गतका विहि स्वास्थ्य चौकी चुमनब्री-५ र ल्हो स्वास्थ्य चौकी चुमनुब्री-२ लाई सुरक्षित गर्भपतन गराउन प्रमाणपत्र अनुमति दिने।

१३. चुमनुब्री गाउँपालिका अन्तर्गत सञ्चालित हुने योजना तथा कार्यक्रम खासगरी निर्माण जन्य कार्यमा गुणस्तर परिक्षणका निम्ति उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा सम्बन्धीत निर्माण कार्यको ल्याब परिक्षण गर्नका लागि लागत अनुमान तयार गर्दा Provisional Sum बापत ल्याब परिक्षण खर्च रू १० हजार राखि लागत अनुमान तयार गर्ने र ल्याब परिक्षण सम्पन्न प्रमाणपत्र तथा ल्याब बिलका आधारमा अन्तिम मुल्यांकनमा समावेश गरी भुक्तानी दिने।

१४. चुमनुब्री गाउँपालिका वडा नं ५ मा अवस्थित सेराङ हिमालको दिगो संरक्षणका लागि आवश्यक अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्न कानुनविद दिल बहादुर खनाललाई जिम्मेवारी दिने।

१५. तपसिलका बमोजिमका कार्यविधिहरू सर्वसम्मतले स्विकृत गर्ने।

तपसिल

क. चुमनुब्री गाउँपालिका कोसेलीघर सञ्चालन सम्बन्धी कार्यविधि २०८२

ख. चुमनुब्री गाउँपालिका स्थानीय विपद व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि २०८२

ग. माध्यमिक तह(११-१२) तथा उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८२

१६. दिगो शान्ति, सुशासन, विकास र समृद्दि हासिल गर्ने नेपालको संविधानको व्यवस्था र संघ तथा प्रदेशको आवधिक योजना एवम् दिगो विकासको लक्ष्यको मार्गचित्र समेतलाई ध्यानमा राखी आयोजनाको छनौट र त्रिश्लेषण तथ्यपरक, वस्तुगत र पारदर्शी बनाउने र आयोजना बैंक प्रणालीलाई संस्थागत गर्ने कार्यमा सुशासन अभिवृद्दि गर्दै आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र सीमित स्रोतको अधिकतम प्रतिफल प्राप्तिका लागि स्रोतको कुशल व्यवस्थापन गर्न आवश्यक भएकोले चुमनुब्री गाउँपालिकाको विकासको

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

आयोजनाहरूलाई आयोजना बैंक, गौरवका आयोजनाहरू बनाउन तपसिलको व्यवस्था गरी कार्यान्वयन गर्ने।

१) विकास आयोजनाहरूलाई निम्न विकास आयोजनामा विभाजन गर्ने निर्णय गरियो।

I. पूर्वाधार विकास आयोजना

II.सामाजिक विकासका आयोजना

**पूर्वाधार विकास आयोजनाहरू:-**

क) यातायात पूर्वाधार आयोजना ( बेनीघाट लार्के सडकबाट गाउँपालिकाको सदरमुकाम वा केन्द्र र वडाको केन्द्र जोड्ने र विद्यमान सञ्जालमा सुधार हुने, यातायात पूर्वाधारमा नयाँपन/आयाम थप वा साविक संरचनाको स्तरोन्नति हुने आयोजनाहरू)

ख) कृषि पूर्वाधार आयोजना ( कृषिजन्य उपजको उत्पादन/भण्डारण/बजारीकरणका लागि नयाँ पूर्वाधारको विकास र विद्यमान पूर्वाधारमा सुधार हुने, रैथाने जातका कृषिजन्य बाली वस्तु आदिको उत्पादन/भण्डारण/बजारीकरणमा योगदान /प्रोत्साहन हुने आयोजनारू)

ग) औद्योगिक/व्यापारिक पूर्वाधार आयोजना (नयाँ पूर्वाधारको विकास हुने वा राष्ट्रिय उत्पादनमा योगदान दिने, विद्यमान पूर्वाधारमा सुधार हुने, स्थानीय कच्चा पदार्थमा आधारित हुने आयोजनाहरू)

घ) शैक्षिक पूर्वाधार आयोजना ( नयाँ पूर्वाधारको विकास हुने तथा शैक्षिक गुणस्तरमा वृद्धि हुने, विद्यमान पूर्वाधारमा सुधार हुने, थप विद्यार्थी लक्षित हुने आयोजनाहरू )

ङ) स्वास्थ्य पूर्वाधार आयोजना (नयाँ पूर्वाधार विकास एवं स्वास्थ्यको गुणस्तर वृद्धि हुने र विद्यमान पूर्वाधारमा सुधार हुने, पहिले नसमेटिएका सेवाग्राही समेटिने वा नयाँ सेवा विस्तार हुने आयोजनाहरू, सेवाको सुदृणिकरण गर्ने योजनाहरू)

च) खेलकुद पूर्वाधार आयोजना (नयाँ पूर्वाधारको विकास हुने, विद्यमान पूर्वाधारमा सुधार हुने, खेलकुद मैदान निर्माण तथा स्तरोन्नती गर्ने र कभर्ड हल वा भवनको हकमा ५ सयभन्दा बढी हुने वा पालिकाको भूगोलको आधारमा हुने संख्यामा हुने आयोजनाहरू)

छ) उर्जा पूर्वाधार आयोजना ( नयाँ पूर्वाधारको विकास हुने, विद्यमान पूर्वाधारमा सुधार हुने, उर्जा उत्पादन क्षमता जलविद्युतको हकमा ८ मे.वा. भन्दा बढी र वैकल्पिक उर्जाको हकमा १ मे.वा. भन्दा बढी हुने वा आवश्यकताको आधारमा सो भन्दा कमका आयोजनाहरू)

ज) खानेपानी तथा सरसफाई पूर्वाधार आयोजना ( नयाँ पूर्वाधारको विकास हुने, विद्यमान पूर्वाधारमा सुधार हुने, खानेपानी तथा सरसफाइको गुणस्तरमा सुधार हुने आयोजनाहरू )

झ) फोहोरमैला व्यवस्थापन पूर्वाधार आयोजना ( नयाँ पूर्वाधारको विकास हुने, विद्यमान पूर्वाधारमा सुधार हुने, स्वास्थ्य चौकीजन्य वा उद्योगजन्य फोहोर व्यवस्थापन हुने र अन्य फोहोर व्यवस्थापन हुने आयोजनाहरू )

गाउँ कार्यपालिकाको कार्यालय
सिरदिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

ञ) भवन निर्माण आयोजना ( नयाँ भवन निर्माण हुने, पुरानो भवनमा सुधार हुने, नेपाली परम्परागत निर्माण प्रविधि एवम् वास्तुकला झल्कने भवन निर्माण हुने आयोजनाहरू )

ट) वस्ती विकास आयोजना ( नयाँ वस्तीको विकास हुने र पुरानो वस्तीमा सुधार हुने, प्राकृतिक प्रकोपबाट विस्थापित वा घरबारविहिनहरूको लागि वस्ती विकास हुने आयोजनाहरू )

ठ) वन, वातावरण, नदी र जलाधार संरक्षण आयोजना ( नयाँ क्षेत्र समेटिने वा नयाँ पूर्वाधार विकास हुने, आयोजनाले संरक्षण गर्ने जमिन १०० हेक्टर भन्दा बढी हुने भए वा आवश्यकताको आधारमा सो भन्दा कम मन हुने भएका आयोजनाहरू )

ड) पर्यटन पूर्वाधार आयोजना ( नयाँ गन्तव्यको विकास हुने, पदमार्ग निर्माण तथा स्तरोन्नती हुने, विद्यमान गन्तव्यमा सुधार हुने, आन्तरिक र बाह्य पर्यटन दुवै प्रवर्द्धन हुने आयोजनाहरू )

ढ) विपद् व्यवस्थापन पूर्वाधार आयोजना ( विपद् वा आपतकालीन सेवा व्यवस्थापनको लागि नयाँ पूर्वाधारको विकास, एम्बुलेन्स, उद्धार र खोजी कार्यका साधन लगायतको व्यवस्था हुने, विद्यमान पूर्वाधारमा सुधार वा विद्यमान, एम्बुलेन्स, उद्धार र खोजी कार्यका साधन लगायतमा सुधार हुने, विपद्बाट क्षति भएका आयोजनाहरू समयमै मर्मत हुने,अबरुद्ध भएका सडक तथा पदमार्गहरू समयमै खुलाउने आयोजनाहरू)

ण) सूचना तथा सञ्चार सम्बन्धी पूर्वाधार आयोजना ( गाउँपालिकाले वा वडा तहले सञ्चालन गरेका वा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा सरकार र आम नागरिकबीच सूचनाको आदान प्रदान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हुने पूर्वाधारको विकास हुने, आम सञ्चारका माध्यमलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्यमा टेवा पुग्ने र सूचना तथा सञ्चार सम्बन्धी अन्य कार्यमा टेवा पुग्ने पूर्वाधारको विकास हुने आयोजनाहरू )

त) विविध पूर्वाधार आयोजना ( नयाँ पूर्वाधारको विकास हुने, विद्यमान पूर्वाधारमा सुधार हुने, स्थानीय क्षेत्रको आर्थिक विकास वा सुरक्षमा टेवा पुग्ने पूर्वाधारको विकास हुने अन्य आयोजनाहरू )

**सामाजिक विकास आयोजनाहरू:-**

क) स्वास्थ्य र पोषण सम्बन्धी आयोजना ( स्वास्थ्य र पोषण सेवाको विस्तार हुने, गुणस्तर सुधार हुने आयोजनाहरू)

ख) शैक्षिक क्रियाकलाप सम्बन्धी आयोजना ( शैक्षिक क्रियाकलापको क्षेत्र वा दायरा विस्तार हुने, गुणस्तर सुधार हुने आयोजनाहरू )

ग) आर्थिक विकास सम्बन्धी आयोजना ( बेरोजगारहरूको श्रम क्षमताको विकास, उद्यमशील क्षमताको विकास वा रोजगारमा रहेका श्रमिक र घरेलु तथा साना उद्यमीहरूको क्षमता विकास हुने, रोजगारी प्रवर्द्धन, नयाँ व्यवसाय वा व्यवसायको स्तरोन्नतिको लागि प्राविधिक सहयोग, सहुलियतपूर्ण कर्जा, उद्योग व्यवसायको प्रवर्द्धन लगायतका कार्य)

घ) सामाजिक विकास सम्बन्धी आयोजना ( लोपोन्मुख समुदाय, दलित, विपन्न, असहाय, महिला,बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा

निमा लामा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
सिरँडिबार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पीडित, मधेशी र लैङ्गिक र यौनिक अल्पसंख्यक लगायतका लक्षित समुदायको सशक्तिकरण, संरक्षण वा निर्णय प्रकृयामा सहभागिता वृद्धि हुने र सामाजिक विकास सम्बन्धी अन्य कार्य हुने आयोजनाहरू)

ङ) भाषा, साहित्य, कला र संकृतिको विकास सम्बन्धी आयोजना ( भाषा, साहित्य, कला र संस्कृतिको विकास र सोको संरक्षण वा प्रवर्द्धन हुने वा सोबाट सरकारी निकाय वा सम्बन्धित समुदायलाई आर्थिक लाभ प्राप्त हुने आयोजनाहरू)

च) संस्थागत क्षमताको विकास सम्बन्धी आयोजना ( गाउँपालिका वा वडा तहको संस्थागत (नीति, संगठन,मानव संसाधन, सुशासन प्रवर्द्धन, अन्तरनिकाय समन्वय, सूचना व्यवस्थापन लगायतको ) क्षमता विकास हुने आयोजना, गाउँपालिका वा वडा तहको आन्तरिक स्रोत परिचालन क्षमता विकास हुने आयोजना )

छ) अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन आयोजना ( संघ, प्रदेश र गाउँपालिकाको लगानीमा कार्यान्वयन भएका आयोजनाहरूको प्रभाव मूल्याङ्कन हुने आयोजना, गाउँपालिकाको विशेष महत्वका अनुसन्धान/सर्वेक्षण, वस्तुस्थिति विवरण तयार वा तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्य हुने आयोजनाहरू )

ज) विज्ञान तथा प्रविधिसम्बन्धी आयोजना ( विज्ञान तथा प्रविधिको क्षेत्रमा हुने नवप्रवर्तन / आविष्कारलाई प्रोत्साहन हुने र विज्ञान तथा प्रविधि सम्बन्धी ज्ञान र सीपको विकास वा प्रसार हुने, उत्पादन र रोजगारी वृद्धि गर्न विज्ञान र प्रविधिको प्रयोग हुने आयोजना )

झ) विपद् व्यवस्थापन सम्बन्धी आयोजना ( उद्धार वा खोजी कार्य, सूचना व्यवस्थापन, राहत वितरण तथा व्यवस्थापन कार्य सम्बन्धी आयोजनाहरू )

ञ) खेलकुद सम्बन्धी आयोजना ( पालिका स्तरीय र वडा स्तरीय खेलकुद सञ्चालन तथा व्यवस्थापन र खेलकुदको विकास सम्बन्धी आयोजनाहरू )

ट) सूचना तथा सञ्चार सम्बन्धी आयोजना ( गाउँपालिकाले वा वडा तहले सञ्चालन गरेका वा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा सरकार र आम नागरिकबीच सूचनाको आदान प्रदान प्रत्यक्ष रूपमा हुने, आम सञ्चारका माध्यमलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्यमा टेवा पुग्ने र सूचना तथा सञ्चार सम्बन्धी अन्य कार्यमा टेवा पुग्ने आयोजनाहरू

ठ) विविध सामाजिक विकास आयोजना ( सामाजिक सद्भाव बढाउन प्रत्यक्ष योगदान गर्ने, अप्रत्यक्ष योगदान गर्ने, आधारभूत सेवा तथा सुविधामा सेवाग्राहीको पहुँच वृद्धि हुने आयोजनाहरू )

२) गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा सम्भव भएसम्म देहाय बमोजिमको महानुभावहरूलाई सम्भव भएसम्म कम्तीमा एक पटक वा आवश्यकता अनुसार आमन्त्रण गर्नु पर्नेछ ।

क) सम्भव भए सम्म संघीय संसदका सदस्यहरू, प्रदेश सभा सदस्यहरू, जिल्ला समन्वय समितिका पदाधिकारी र जिल्ला समन्वय अधिकारी, अन्य स्थानीय तहको प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्षहरू, प्रदेश मातहतका जिल्ला स्थित कार्यालय प्रमुखहरू, राजनीतिक दलका प्रतिनिधिहरू, उद्योग वाणिज्य संघ, उद्योग परिसंघ र चेम्बर अफ कमर्श लगायतका निजी क्षेत्रका प्रतिनिधिहरू,

निमा लामा
अध्यक्ष

धुनुची गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

ख) राजनीतिक दलका प्रतिनिधिहरू

ग) गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष र कार्यपालिका सदस्यहरू

घ) सम्पूर्ण गाउँसभा सदस्यहरू,

ङ) सम्पूर्ण शाखा प्रमुखहरू,

च) विषय विज्ञ र आवश्यकतानुसार अन्य

३) आयोजना बैंक,गौरवका आयोजनाहरू तथा वार्षिक योजना तथा विकास कार्यक्रमहरू तर्जुमाको आधारहरू तपशिल बमोजिम बनाउने निर्णय गरियो ।

क) प्रमुख आधारहरू:-

i. नेपालको संविधान

ii.संघिय र प्रदेश सरकारका आवधिक योजना

iii.चुमनुब्री गाउँपालिका दोस्रो पञ्चवर्षिय आवधिक योजना

iv. स्थानीय तहको मध्यकालीन खर्च संरचना

V.दिगो विकास लक्ष्य

vi.विकासका अन्तरसम्बन्धित विषय

vii.नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्दताबाट सिर्जित दायित्व

viii.संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीति आदि ।

ख) अन्य आधारहरू( ऐन, नियम तथा निर्देशिका )

i. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

ii. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

iii. स्थानीय सरकार संचालन ऐन, २०७४

iv. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुजा दिग्गदर्शन,२०७८

V. संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड

vi.सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

४) चुमनुब्री गाउँपालिका अन्तर्गत तपसिल बमोजिमको बमोजिमको ढाँचामा आयोजना बैंक र गौरवका आयोजनाहरू बनाउने ।

**आयोजना बैंक**

वडास्तरीय आयोजना बैंक

चुमनुब्री गाउँपालिका वडा नं....

| सि नं | आयोजनाको किमिस | नाम | लागत अनुमान रू हजारमा | लाभग्राही संख्या | सम्पन्न हुने अवधि | सञ्चालन हुने क्रियाकलापहरू | अपेक्षित लाम | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

गाउँपालिका स्तरीय आयोजना बैंक

चुमनुब्री गाउँपालिका

| सि नं | आयोजनाको किमिस | नाम र स्थान | लागत अनुमान रू हजारमा | लाभग्राही संख्या | सम्पन्न हुने अवधि | सञ्चालन हुने क्रियाकलापहरू | अपेक्षित लाम | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

गौरवका आयोजनाहरू

वडा गौरवका आयोजनाहरू(प्रत्येक वडामा ५/५ वटा)

| सि नं | आयोजनाको किमिस | नाम | लागत अनुमान रू हजारमा | लाभग्राही संख्या | सम्पन्न हुने अवधि | सञ्चालन हुने क्रियाकलापहरू | अपेक्षित लाम | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

एकवर्षिय वा बहुवर्षिय के हो कैफियतमा खुलाउने

गाउँपालिका गौरवका आयोजनाहरू (१० वटा)

| सि नं | आयोजनाको किमिस | नाम र स्थान | लागत अनुमान रू हजारमा | लाभग्राही संख्या | सम्पन्न हुने अवधि | सञ्चालन हुने क्रियाकलापहरू | अपेक्षित लाम | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निशा लामा
अध्यक्ष

५) माथि भए बमोजिमको निर्णयको कार्यान्वयन गरी यसको प्रतिवेदन सम्म जेठ ३० गते भित्र तयार गर्ने।

६) आगामी आर्थिक वर्ष २०८२/०८३ मा भौतिक पूर्वाधार अन्तर्गत भवन सम्बन्धी पूर्वाधार २० लाख भन्दा माथि र अन्य आयोजनाहरू ३० लाख भन्दा माथि अनिवार्य रूपमा खुला प्रतिस्पर्धा हुने गरी बोलपत्र गर्ने।

७) आगामी आर्थिक वर्ष २०८२/०८३ मा पालिका स्तरीय भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरू अनिवार्य रूपमा रू. १० लाख वा सोभन्दा माथि बनाउने।

८) आगामी आर्थिक वर्ष २०८२/०८३ मा वडा स्तरीय भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरू अनिवार्य रूपमा ९० % आयोजनाहरू रू. ५ लाख वा सोभन्दा भन्दा माथिका बनाउने।

१७. चुमनुब्री गाउँपालिकाका केन्द्र वडा नं ३ फिलिमबाट प्रत्येक वडाका बस्ति तथा योजना सञ्चालन हुने सम्भाव्य स्थान सम्मको भौगोलिक दुरी वस्तुनिष्ठ रूपमा एकिन गरी गाउँपालिकाबाट सञ्चालित हुने विकास योजनामा निर्माण सामाग्री ढुवानी तथा अन्य प्रयोजनमा ढुवानीको लागत अनुमानमा एकरूपता तथा वैज्ञानिकता कायम गर्न प्रत्येक वडाका वडा प्राविधिक तथा वडा समितिको सहभागितामा भौगोलिक दुरी किलोमिटर एकाईमा नापजाँच गरी प्राविधिक शाखाबाट रूजू गराई प्रमाणिकरणका लागि अर्को कार्यपालिका बैठकमा पेश गर्न चुमनुब्री गाउँपालिका सबै वडा कार्यालय र प्राविधिक शाखालाई निर्देशन दिने।

१८. गाउँपालिकामा उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गरी स्रोत व्यवस्थापनमा पारदर्शिता, मितव्ययिता एवम् प्रभावकारिता अपनाई आर्थिक सुशासन कायम गर्न चुमनुब्री गाउँपालिकाको खर्च मापदण्ड २०८२ स्विकृत गर्ने।

निमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल